## खत्याड गाउँपालिका

# स्थानिय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ६ | संख्याः १ | मितिः २०८०।०३।२७ |

### भाग-१

### खत्याड गाउँपालिका

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उप दफा २ (१) ले दिएको अधिकार प्रयोग गरि खत्याड गाउँपालिकाको गाउँ सभाबाट स्वीकत गरी नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८० बनाई लागू गरेको छ ।

आज्ञाले,

दिप बहादुर काकी

नि.प्रमुख प्रशासकीय अधिकृत

# परिच्छेद - १

## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भ

क.यो ऐनको नाम नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन,२०८० रहेको छ ।

ख.यो ऐन खत्याड गाउँपालिकाको गाउँसभाले स्वीकृत गरेपछी तुरुन्तै लागु हुने छ ।

### २.परिभाषाःविषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क.ऐन भन्नाले नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन,२०८० सम्झनु पर्दछ ।

ख.गाउपालिका भन्नाले खत्याड गाउँपालिकालाई सम्झन पर्दछ ।

ग.कार्यालय भन्नाले गाउँपालिकामा रहेको खत्याड गाउँपालीकाको कार्यालय सम्झनु पर्दछ ।

घ.समिति भन्नाले खत्याड गाउँपालिकाको यस ऐन बमोजिम गठित पदपुर्ती समितिलाई सम्झनु पर्दछ ।

ङ. नगर प्रहरी भन्नाले खत्याड गाउँपालिकाबाट नियूक्त प्रहरी कर्मचारी सम्झनु पर्दछ ।

च.भत्ता भन्नाले खत्याड गाउँपालिकाले समय समयमा तोकी दिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

छ.गाउँ सभा भन्नाले खत्याड गाउँपालिको सभालाई सम्झनु पर्दछ ।

ज.प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाईएका अधिकृतलाई सम्झनु पर्दछ ।

झ.तोकिएको वा तोकिए बमोजिम भन्नाले गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरे बमोजिम तोकिएको वा ताकिए बमोजिम सम्झनु पर्दछ ।

ञ. जवान भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

ट.नगर प्रहरी कर्मचारी भन्नाले गाउँ प्रहरी अधिकृत र जवानलाई सम्झनु पर्छ ।

### ३.ऐनको व्याख्या गाउँ कार्यपालिकाले गर्ने

१. कुनै अधिकारीले यस ऐनको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेका खण्डमा निजले गाउँपपालिका समक्ष निवेदन दिन सक्नेछ ।

२.यस ऐनको दफा ३ उपदफा (१) को सम्बन्धमा कार्यपालिकाले निवेदन परेको ३० दिन भित्र निर्णय गरि सक्नु पर्नेछ ।

# परिच्छेद - २

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

### ४.नगर प्रहरी सेवाको गठन

गाउँपालिकामा नगर प्रहरी सेवा समुह रहनेछ र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या तोकिए बमोजिम हुनछ ।

### ५.गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह

१.नगर प्रहरी हवल्दार १, नगर प्रहरी जवान ४ जना  रहने छन ।

२.गाउँपालिकाले प्रत्यक पदको कार्य विवरण बनाउने छ र त्यस्तो कार्य विवरण सम्बन्धित पदको काम कर्तव्य उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिने छ ।

३.नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

# परिच्छेद - ३

### ६.नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

१.गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने

२.गाउपालिको सम्पतीको सुरक्षा  र संरक्षण गर्ने

३.स्थानीय स्तरमा हुने सभा, समारोह,परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन

४.स्थानिय बजार तथा पाकिङ्ग स्थलको रेखदेख र व्यवस्थापन

५.गाउँ तथा बजार सरसफाई सम्बन्धी बनेका सरसफाइ मापदण्ड कार्यान्वयन गर्ने

६.न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने

७.सार्वजनिक, ऐलानी जग्गा, सार्वजनीक भवन, सम्पदा तथा भौतिक पुर्वाधार संरक्षण र सुरक्षा

८.विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्थापना

९.अनाधिकृत विज्ञापन तथा  होडीङ्ग वोर्ड नियन्त्रण

१०.छाडा चौपायाको नियन्त्रण

११.अनाधिकृत निमार्ण तथा सार्वजनिक सम्पती अतिक्रमण रोकथाम तथा नियन्त्रण

१२.सार्वजनिक आवागमनमा बाधा परयाई राखेका निमार्ण सामाग्री, पसल तथा व्यावसायबाट भएको अवरोध हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट अशुल उपर गर्ने ।

१३.सार्वजनिक जग्गा, बाटो, मठ मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर टहरा कम्पाउण्ड वा यस्तै प्रकृतिका जुन सुकै सरचना निमार्ण कार्य गरेको देखिएमा रोक्का गरि गाउँपालिकाको अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउन हटाउने आदेश भएमा सोही बमोजिम गर्ने ।

१४.गाउँ नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शा पास भए नक्शा पास प्रमाण पत्र सहितको प्रतिवेदन प्रशासन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निमार्ण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

१५.स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेका खाध्य पर्दाथ विक्री वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तुको विक्री वितरण गरेको पाइएमा पहिलो पटक भए जफत गरि गाडन लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय पेश गर्ने ।

१६.रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी जीवजन्तुहरु काटमार गन नदिने र त्यस्ता जीवजन्तुहरुको मासु विक्री वितरणमा रोक लगाउने, अटेर गरेमा जफत गरि नष्ट गर्ने र जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

१७.छाडा कुकुर नियन्त्रण सम्बन्धि कावाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाडन लगाउने ।

१८.खतरा उत्पन्न हुने रुख काटने काटन लगाउने तथा जोखिमपुर्ण घर पर्खाल भए सोको लिखित प्रतिविदन पेश गर्ने र रोक्न, भत्काउन आदेश भए सोही अनुरुप गर्ने ।

१९.वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसंग सहकार्य गरि सरसफाइ, सुरक्षा र सामाजिक विकृती हटाउने कार्य गर्ने गराउने ।

२०.गाउँ कार्यापालिका, समिति, उप समिति तथा आयोजनाबाट लागु हुने निति, नियम, निर्णय र कानुन कायान्वयन गर्ने ।

२१.इजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता, नविकरण गर्न लगाउने ।

२२.खत्याड गाउँपालिकाको  गाउँ शहर क्षेत्र क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नोतिले निषेध गरेका विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पुर्णतया प्रतिबन्ध लगाउने र अटेर गर्नेलाई जरिवाना कार्वाही गर्ने ।

२३.गाउँपालिकाले संचालन गर्ने तथा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदी जस्ता कार्यमा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिमको प्रतिनिधित्व गर्ने ।

२४.नापतौलका सामाग्रीको चेक जाँच गर्ने,पसल व्यवसायमा मुल्य सुची राख्न लगाउने ।

२५.होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता संचालन गतिबिधिको निरीक्षण गर्ने मापदण्ड विपरित संचालन भए कार्वाहीका लागि पेश गर्ने ।

२६.गाउँपालिकाको सार्वजनिक क्षेत्र भित्र सर्कश, जादु, जुवा  लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

२७.गाउँपालिकाको निर्णय बमोजिम अस्थायी प्रकृतिका बजार व्यवस्था गर्न त्यस्ता व्यापारीहरुको लगत राख्ने  ।

२८.अरुलाई बाधा हुने गरि लाउड स्पीकर, रेडियो, ध्वनी तथा अन्य उपकरण  प्रयोगमा नियन्त्रण गर्ने ।

२९.गाउँ शहरमा ध्वनी, धुवा, प्रकाश, तथा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरि उधोग संचालनमा रोक लगाउने ।

३०.आकस्मिक रुपमा घटने घटनालाई मध्यनजर गर्दै माग भए बमोजिमका स्थानमा परिचालित हुने ।

३१.विपद,माहामरी भएमा उद्धार राहतका लागि तुरुन्त परिचालित हुने ।

३२.गाउँपालिका मातहतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कायान्वयन गरि सो को विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

३३.माथी तोकिए बमोजिमका कार्यहरु समन्वय गरि जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

३४.गाउपालिकाले तोकीएका अन्य कार्यहरु गर्ने गराउने ।

# परिच्छेद - ४

# तह विभाजन र पदपुर्ती

## ७.नगर प्रहरीको दरबन्दो सृजना प्रकिया

१.गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दिहरुको सृजना तथा खारेजी गाउँ सभाले निर्णय गरे बमोजिम हुनेछ ।

२.सृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सृजना गर्नु पर्ने कारण, प्रस्ताा वक पदले गर्नु पर्ने कामको कार्य विवरण, मौजुदा दरबन्दो थप गरेको कार्यबोझ, सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्न सक्ने प्रभाव स्पष्ट गरि सभा समक्ष पेश गर्नु पर्ने छ ।

## ८.नगर प्रहरीहरुको शुरु नियूक्ती हुने पदहरु

१.नगर प्रहरीहरुको देहायका पदहरुको खुल्ला प्रतियोगिताबाट पदपुर्ति गरि नियूक्ती हुने छ र अन्य पदहरुमा बढुवा गरिने छ ।

२.नगर प्रहरी हवल्दार (सहायकस्तर चौथो )

३.नगर प्रहरी जवान  (सहायक स्तर दास्रो)

## ९.नियूक्ती गर्ने अधिकार

पदपुर्ती समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने छ

## १०.पदपुर्ती सम्बन्धी व्यवस्था

नगर प्रहरी कर्मचारीहरुका लागि लिइने करार सेवाको पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताबाट पदपुर्ति गरिने छ ।

## ११.खुल्ला प्रतियोगितामा भागलिन सक्ने व्यक्तिहरु

नगर प्रहरी कर्मचारी पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्न योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन ।

१.नगर प्रहरी जवानको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा एस.एल.सी.वा सो सरह उर्तिण भइ १८ वर्ष पुरा भएर ३० वर्ष ननाघेको हुनु पर्दछ तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरी, नेपाली सेना, नेपाल प्रहरी, वा सेवा निवृत वा राजीनामा दिइ उपदान सुविधा लिएका सैनिक प्रहरीको हकमा ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

२.नगर प्रहरी सहायक निरोक्षक पदको लागी स्वीकृत विश्व विधालयबाट प्रमाण पत्र तह वा सो सरह उर्तिण गरेको १८ वर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्ने छ । तर बहालवाला नगर प्रहरी वा सेवा निवृत तथा राजीनामा दिई उपदानमा सुविधा प्राप्त सैनिक, प्रहरीको हकमा ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

३.नगर प्रहरी हवल्दारका हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा एस.एल.सी.वा सो सरह उर्तिण गरेको १८ बर्ष पुरा भई ३० वर्ष पुरा ननाघेको हुनु पर्दछ । तर भाग लिने वहालवाला नगर प्रहरी, नेपाली सेना, नेपाल प्रहरी,वा सेवा निवृत वा राजीनामा दिइ उपदान सुविधा लिएका सैनिक प्रहरीको हकमा ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

४.नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

५.कुनै राजनैतिक दलको सदस्य नभएको ।

६.मानव अधिकार र मानविय कानुन उल्लघनमा सजाय नपाएको ।

७.महिलाहरुको हकमा घटीमा ४.२ फिट र पुरुषको हकमा ५ फिट उचाइ भएको ।

८.छाती नफुलाउदा ३१ इन्च र फुलाउदा ३३ इन्च भएको ।

९.आखा माइनस २ भन्दा वा प्लस २ भन्दा बढी कम्जोर नभएको ।

१०.स्वीकृत चिकित्सकबाट निरागिताको प्रमाण पत्र भएको ।

११.नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

माथी उल्लेखित बुदा नं.१, २ र ३ बमोजीमका पदमा नियूक्ती गर्दा नेपाल प्रहरी वा नेपाली सेनाबाट निवृत भएका वा उपदान सेवा लिइ राजोनामा गरेका व्यक्तीहरुलाइ पहिलो प्राथामिकता दिइने छ ।

## १२.पदपूर्ति समिति

गाउपालीकाको नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुने छ

१.प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष

२.गा.पा.अध्यक्ष वा निजले तोको शाखा प्रमुख  सदस्य

३.प्राविधिक शाखा प्रमुख        सदस्य सचिव

नगर प्रहरीहरुको नयां पदपुर्तिका लागी छनौट प्रक्रीयामा नजिकैको प्रहरी कार्यालयको प्रतिनिधि र भुतपुर्व सैनिक वा प्रहरी सेवाको अधिकृत पदबाट सेवा निवृत कर्मचारीलाई विज्ञको रुपमा आमन्त्रीत गरिने छ ।

## १३.पदपर्ति समितिको काम कर्तव्य र अधिकार

१.पदपुर्ती समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

क.यस ऐनको बुदा १२ बमोजीम पदपुर्तिका लागी प्रतिशत निर्धारण गर्ने ।

ख.खुल्ला प्रतियोगीताबाट पुर्ति हुने पदको  पाठयक्रम नेपाल प्रहरीको सम्बद्व पदका लागी तोकएिको पाठयक्रम र छनौट विधिलाइ आधार मान्ने र आवश्याक्तानुसार पदपुर्ति समितिले पाठयक्रम हेरफेर गर्न सकीने छ ।

ग.पदपुर्ति कार्यातालिका बनाउने ।

घ.पदपर्तिका लागी कार्यातालीका बनाउने ।

ड.पदपुर्तिका लागी विज्ञापन प्रकाशन गर्ने ।

च.शारीरीक तन्दुरुस्ती परिक्षा संचालन गरि लिखित परिक्षाको लागी संख्या निर्धारण गरि नतिजा प्रकाशन गर्ने ।

छ.नियूक्तीका लागी सिफारिस गर्ने ।

ज.लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियूक्ती र वढुवा गर्दा अपनाउनु पर्ने विधि वा सिदान्तमा पदपर्ति समितिले गर्ने,तोकीयका पदपुर्तिसंग सम्बन्धीत अन्य कार्य गर्ने ।

२.पदपर्ति समितिले नगर प्रहरी सेवा समुहको लागी खल्ला प्रतियोगिताबाट  पदपर्ति गर्ने आवश्याक्ता अनुसार कार्यविधि नितिगत निर्णय गरि कायान्वयनमा ल्याउन सकीने छ ।

३.खुल्ला प्रतियोगीताबाट पदपर्तिका लागी विज्ञापन गर्दा दस्खास्त पेश गर्ने सुचना १५ दिनको रहने छ स्थानिय स्तरको पत्रिका, एफ एम रेडीयोबाट प्रसारण गर्नु पर्ने छ ।

## १४.योग्यताक्रम सुची तयार गर्ने

१.उम्मेदारहरुल दिएको शारिरिक परिक्षण र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सुची तयार गरि पदपुर्ति समितिले नियूक्ती सम्भौताका लागी सिफारिस पेश गर्ने

छ। कुल रिक्त पदको बढीमा १५ प्रतिशत सम्म  योग्यताक्रमानुसार वैकल्पिक उम्मेदार राखीने छ  ।

२.ऐनको बुदा १४ (१) वमोजीम सिफारिस गरिएका व्याक्तीहरुलाई पदपर्ति समितिले नियूक्ती सम्झौता गर्न अधिकारी समक्ष नियूत्तीका लागी पेश गर्ने छ।

३.नियूक्ती सम्झौताको लागी सिफारिस भएको मितिले १५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियूक्ती सम्झौता  पत्र दिइसक्नु पर्ने छ।

## १५.जेष्ठताक्रम कायम गन

१.नगर प्रहरी कर्मचारीको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभुत तालीममा प्राप्त गरेको अंकको आधारमा कायम गरिने छ।

२.वैकल्पीक उमेदारहरुले ६ महिना सम्म पनि नियूक्ती प्राप्त गर्न नसकेमा उक्त सुची स्वत : खारेज हुने छ।

## १६. परिक्षणकालमा राखीनेः

१.नयाँ नियूक्त गरिएका नगर प्रहरी कर्मचारीलाई न्युनतम एक वर्ष परिक्षणकालमा रहने राखीने छ सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप ६ महिना परिक्षणकालमा राख्न सक्ने छन महिला नगर प्रहरीको हकमा ६ महिनामात्र परिक्षणकाल रहने छ

२.ऐनको बुदा १६ (१) वमोजीम थप भएको परिक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको सनतोषजनक नपाइएमा निजलाई नियूक्ति,सम्झौता गर्ने अधिकारीले अवकाश दिन सक्ने छन।

## १७.नियूक्ती सदर

१.ऐनको बुदा १६ (१) बमोजीमको परिक्षण कालमा रहेका नगर प्रहरी कर्मचारीको सन्तोषजनक काम भएमा नगर प्रहरी आधारभुत तालीममा उत्तीर्ण भएमा, नेपालको राष्टिय झण्डा छुवाई शपथ ग्रहण गराएर मात्र गाउपालीका प्रमुख प्रशासकीय अधिकृतबाट नियूक्ती,सम्झौता सदर गर्न सकने छन

२.ऐनको बुदा १७ (१) वमोजीम नियूक्ती सदर भएमा परिक्षणकालको अवधीलाई नोकरी अवधीमा गणना गरिने छ।

# परिच्छेद - ५

## गाउँपालीकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध

**१८.गाउपालीकाको प्रशासनको नियन्त्रणमा रहने:** नगर प्रहरीको अनुशासन र आन्तरिक व्यावस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी गाउँपालिकाको प्रमुख प्रशासकोय अधिकृत र विषयगत जिम्मेवारी तोकियको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने छन ।

**१९.नगर प्रहरी मार्फत लेखापढी हुने:** गाउँपालिकाले नगर प्रहरी संगठनसंग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नु पर्ने छ ।

**२०.कारवाहो गर्दा परामर्श लिने:** कुनै पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनहिनता सम्बन्धि कार्वाही गर्दा आवश्यकता अनुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्ने छन ।

# परिच्छेद - ६

## २१.विदा अधिकारको कुरा होइन

१.नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैनन ।

२.कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफनो तजविजबाट विदा दिन अथवा नदिन पनि सक्नेछन साथै आवश्याक परेमा विदामा बसेका कर्मचारीलाई निजको स्वीकृत विदा रदद गरि वोलायर कामकाजमा लगाउन सकने छन ।

३.विदाका किसीमहरुः नगर प्रहरी कर्मचारीहरुले देहाय बमोजीमका विदाहरु पाउने छन

क.भैपरी आउने र पर्व विदा

ख.किरिया विदा

ग.प्रसुती विदा

घ.सटटा विदा

ड.प्रसुती स्यार विदा

च.विरामी विदा

## २२.विदा स्वीकृत नगरी विना जानकारी कार्यालय छाडेमा सेवाबाट हटाउनेः

१.यस ऐन बमोजीम विदा स्वीकृत नगराइ घर बस्ने प्रहरी कर्मचारी कार्यालयमा हाजीर हुन पाउने छैनन ।

२.ऐनको दफा २२ (१) को उल्घन गरि गैर हाजीर हुने नगर प्रहरी कर्मचारीलाइ गाउँपालीकाको कार्यालयले सेवाबाट हटाउन सक्नेछ ।

## २३.भैपरि,पर्व विदा

१.वर्षमा १२ दिन हुने छ ।

२.एक पटकमा २ दिन नबढाई लिन पाइने छ ।

३.एक वर्षको अर्को वर्ष लिन पाइने छैन ।

४.विदा वस्न परेमा स्वीकृती लिएर वा पछि लिन सकीने छ ।

५.यो विदामा वसेका कर्मचारीले पुरा तलब, भत्ता र राशन पाउने छन ।

६.यस किसिमको विदा शनिवार र अन्य विदा संगै लिन पाइने छैन ।

## २४.किरिया विदा

१.नगर प्रहरी कर्मचारी आफै किरिया विदा बस्न परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया विदा पाउने छन ।

यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला कर्मचारीलाइ विदा दिइने छैन ।

२.यस्तो विदामा वस्ने नगर प्रहरी कर्मचारीहरुले पुरा तलव, भत्ता र राशन पाउने छन ।

## २५.प्रसुती विदाः

१.महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघी पछो गरेर ९८ दिन प्रसुती विदा पाउने छन ।

२. महिला नगर प्रहरी कर्मचारी विदा बस्दा पुरा तलव, भत्ता र राशन पाउने छन ।

३.प्रसुती विदा सेवा अवधीभर २ पटक मात्र पाइने छ ।

४.विदाको रेकर्ड विदाका लागी सिफारिस गर्ने वा स्वीकृत गर्ने अधिकारीले अध्यावधीक गर्नु पर्ने छ ।

## २६.प्रसुती स्यार विदाः

१.प्रसुती स्यार विदा सेवा अवधीभर २ पटक मात्र लिन पाइने छ ।

२.नगर प्रहरीका पत्नी गर्भवती सुत्केरी हुने भएमा त्यसतो कर्मचारीले सुत्केरी स्याहार विदा १५ दिन पाउने छन ।

३. विदा बस्दा पुरा तलव, भत्ता र राशन  पाउने छन ।

४.यस्तो विदा बस्ने कर्मचारीले जन्म दर्ताको प्रमाण पत्र वा सम्बन्धीत अस्पतालको प्रमाण पत्र गाउपालीकामा पेश गर्नु पर्ने छ ।

## २७.सट्टा विदाः

कुनै पनि सार्वजनिक विदाको दिन तालीका भन्दा बढी डियुटी  गर्न नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्बन्धीत कार्यालय प्रमुखले सट्टा विदा दिन सक्ने छन तर यस्तो विदा पटक पटकमा सात दिन भन्दा बढी हुने छैन तर करार सेवामा नियूक्त नगर प्रहरी कर्मचारी हरुको हकमा करारनामामा उल्लेख भए अनुसारको विदा मात्र पाउने छन ।

**२८.विरामी विदाः**नगर प्रहरी कर्मचारीले प्रत्यक वर्षमा १२ दिन विरामी विदा पाउने छन ।

**२९.विदा दिने अधिकारीः** देहायका विदा स्वीकृत गर्न अधिकार देहायका अधिकारीलाइ हुने छ ।

| विदाको किसिम | विदा स्वीकृत गर्ने अधिकारी |
|---|---|
| १.भैपरि आउने र पर्व विदाः | नगर प्रहरी प्रमुख |
| २.किरिया विदाः | प्रमुख प्रशासकीय अधिकृत |
| ३.प्रसुती विदाः | प्रमुख प्रशासकीय अधिकृत |
| ४.सट्टा विदाः | प्रमुख प्रशासकीय अधिकृत |
| ५.प्रसुती स्यार विदाः | प्रमुख प्रशासकीय अधिकृत |
| ६.विरामी विदाः | प्रमुख प्रशासकीय अधिकृत |

**३०.विदा परिणत नहुने:** यस परिच्छेद अनुसार नगर प्रहरी कर्मचारीले जुन विदा लिइ बसेको हो सो नै उपयोग गर्नुपर्ने छ । पहिले कुनै एक किसिमको विदा पछि किरिया विदा वा प्रसुती विदा बाहेकको विदामा परिणत गर्न पाइने छैन ।

**३१.सार्वजनिक विदा गाभीने:**भैपरि आउने र पर्व विदा बाहेक अरु कुनै किसिमको विदा लिइ बसेका प्रहरी कर्मचारीले सो विदा भुत्तान हुदा सार्वजनीक विदाको अवधी पनि निज विदामा बसेको वेला लिए सो सरह हुने छ थप विदा पाइने छैन ।

**३२.कार्यालयमा अनुपस्थित हुने उपर कार्वाही:** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलव कट्टी गरि विभागीय सजाय समेत गर्न सकीने छ । यसरी गयल भएको अवधी सेवा अवधीमा गणना हुने छैन ।

**३३.विदा लिने विधि:** यस परिच्छेद वमोजीम विदा लिन चाहाने नगर प्रहरी कर्मचारीहरुले आफुलाइ चाहिएको विदाको अवधी कारण भए सो समेत खोली रितपुर्वकको लिखीत दरखास्त आफु हाजीर रहेको कार्यालय मार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पन ।

१.विदा स्वीकृत भए नभएको सम्बन्धीत शाखा प्रमुख मार्फत कर्मचारीलाई जानकारी दिनु पर्ने छ ।

२.कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थीतीको विचार राखर मात्र विदा दिन वा नदिन निर्णय गर्नु पर्ने छ ।

३. भैपरि आउने विदाको सम्बन्धमा विदा स्वीकृत गर्ने अधिकारीले उप नियम (१) बमोजीम दरखास्त नदिए पनि तजविजले मौखीख अनुरोधका आधारमा त्यस्तो विदा दिन सक्ने छन ।

४.विदा दिने अधिकारीलाई चित्त बुझेमा दरखास्त अगावै पनि विदा वस्न पाउने छन तर यस्तो अवस्थामा मात्र ।

क.विदा दिने अधिकारीको पुर्व स्वीकृती लिइ रहन सम्भव नभएमा ।

ख.पुर्व स्वीकृतीका लागी निवेदकले भरमग्दुर प्रयास गरेको थियो भन्ने आधार देखीएमा ।

तर विदा बसी सकेपछि स्वीकृतिको लागी दरखास्त परेकोमा अस्वीकृत हुन गइ त्यसको फलस्वरुप विदाको निवेदन नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाएमा गाउ सभामा निजले उजुरी गर्न सक्ने छन ।

**३४.विदाको अभिलेख:**विदा दिने अधिकारीले आफनो मातहतका सवै नगर प्रहरी कर्मचारीहरुको विदा रेकर्ड किताव खडा गर्न लगाई प्रशासन शाखालाई लगत राख्न लगाउनु पर्ने छ ।

**३५.निकासा लिन नभ्याएमा:** कुनै नगर प्रहरी कर्मचारीले आवश्यक परी विदामा नवसी नहुने भन्ने अवस्था पर्न आएको भन्न निकट्तम माथील्लो अधिकारीलाई लागेमा र सो विदा स्वीकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा वस्न लिखित आदेश दिई रेकर्ड राख्न लगाउनु पर्ने छ ।

**३६.गयल खाली जनाउने:** कुनै नगर प्रहरी कर्मचारी गयल परे सो को जानकारी गाउँपालिकाको प्रशाासन शाखामा पठाउनु पर्ने छ । शाखाले स्पस्टिकरण सोधी व्याहोरा उचित लागेमा विदा स्वीकृत हुने छ अन्यथा गलय कट्टी वा अन्य कार्वाही अगाडी बढाउन सकिने छ ।

**३७.झुठो कारण देखाएमा सजाय हुने:** कुनै नगर प्रहरी कर्मचारीले झुठो कारण देखाई विवरण पेश गरेमा विभागीय सजायको भागेदार हुने छ ।

**३८.तालीम अवधिमा विदा बस्ने बारे:** अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि तालीम अवधीभर सार्वजनीक विदा र किरिया विदा वाहेक साधारणतया अरु कुनै विदा दिइने छैन ।

## परिच्छेद - ७

## आचरण

**३९.दान उपहार लिन नहुने:** आफनो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै नगर प्रहरी कर्मचारी,निजको परिवारका सदस्य समेतले गाउपालिकाको पुर्व स्वीकृती विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्तिबाट कुनै प्रकारको दान, बकस, पुरस्कार, कोशेली र उपहार स्वीकार गर्नु हुदैन ।

**४०.चन्दा लिन नहुने:** कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै नगर प्रहरी कर्मचारी, निजको परिवारका सदस्य समेतले गाउपालिकाको पुर्व स्वीकृति विना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्तिबाट कुनै प्रकारका चन्दा वा आर्थाक सहायतता प्राप्त गर्ने काममा समेत भाग लिन हुदैन ।

**४१.सम्पतीको विवरण पेश गर्नु पर्ने:** हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले नया आ.व.को श्रावण मसान्त भित्र र नया कर्मचारीले ३ महिना भित्र गाउँपालीकाको प्रशासन

शाखामा सम्पती विवरण पेश गर्नु पर्ने छ । अन्यथा रु ५०००। जरीवाना र छानविन गरिने छ ।

१.आफनो वा परिवारको सदस्यको नाममा भएको चल अचल सम्पती शेयर वा मौज्यादको विवरण ।

२.आफु संग वा आफनो नाममा रहेको नगद, जिन्सी लगायत सम्पती ।

३.ऐनको दफा ४१ को उपदफा (१) बमोजीमको सम्पती दाखीला गर्दा संयूक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीको आफनो परिवारको प्रमुख वा अन्य सदस्यको नाममा रहेको सम्पतीको विवरण पेश गर्नु पर्ने छ ।

४.आफनो सम्पतीको थपघट भएमा अख्तियारवाला लाई ३ महिना भित्र जानकारी दिनुपर्ने छ ।

५.व्यापार व्यवसाय गर्न नहुनेः कुनै पनि नगर प्रहरी कर्मचारीले स्वकृती वेगर देहायको काम गर्नु हदैन ।

क.कुनै व्यापार ।

ख.कुनै फर्मको हिस्सेदार वा संचालक ।

ग.कुनै व्यवसाय चलाउन ।

**४२.थाहा पाएका गाउँपालिकाको कुराहरु प्रकाशन प्रसारण गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले गाउँपालिकाबाट अथवा अन्य कुनै पनि निकायबाट प्राप्त गरेको वा आफै सृजना ,संकलन गरेका मौखिक तथा लेखित सुचना अनाधिकृत रुपमा कसैलाई जानकारी दिन पाइने छैन ।

**४३.संचार माध्यम संग सम्पर्क राख्न नहुनेः** नगर प्रहरी कर्मचारीले अनुमति प्राप्त नगरि कुनै पत्रपत्रिका, रेडीयो, टेलीभीजन तथा सामाजीक संजालमा आफनै पस्तावीक वा काल्पनिक नामबाट वा वेनामी कुनै प्रकाशित लेख रचना प्रकाशन गर्ने र प्रसारण गर्नु हुदैन ।

तर यस्तो प्रकाशन तथा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासीक वा वैज्ञानिक र व्यवहारीक विषयको भएमा त्यस्तो रचना स्वीकृती लिन पर्दैन प्रसारण प्रकाशन गरे पछी जाहेरी दिनु पर्ने छ ।

**४४.गाउँपालिकाको आलोचना:** नगर प्रहरी कर्मचारीले कुनै पनि कुराको आलोचना गर्दा गाउँपालिकाको नितिको विरुद्ध असर पर्ने गरि अथवा गाउपालिका वासीमा खलल पुग्ने गरि भाषण, सम्वाद, लेख, सचना गर्नु हुदैन ।

**४५.निवार्चनमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनैतिक दलको लागी कुनै निर्वाचनमा भाग लिन वा कसैको निम्ती मत माग्न वा अन्य कुनै प्रभाव पार्न हुदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलीत कानुन बमोजीम आफनो मताधिकार प्रयाग गर्न बाधा पर्ने छैन ।

**४६.राजनितिमा भाग लिन नहुने:** नगर प्रहरी  कर्मचारीले कुनै राजनैतिक दल र सो संग सम्बन्धीत सदस्य बन्न राजनैतिकमा भाग लिन, संस्थालाई सहायताको लागी चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफनो प्रभाव पार्न सहयोग गर्न हुदैन ।

**४७.समय पालन र नियमीता:** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफनो पालोमा हाजीर भई कार्य गर्नु पर्दछ र साधारणतया पहिले विदाको प्रकृया अगाडी नबढाई काममा अनुपस्थित हुनु हुदैन ।

**४८.अनुशासन र आज्ञापालन:**

१.नगर प्रहरी कर्मचारीले आफनो कर्तव्य तत्परताको साथ पालना गर्नु पर्दछ ।

२.नगर प्रहरी कर्मचारीले आफु कार्यरत कार्यालयको काम सम्बन्धी कुरामा आफु भन्दा माथीका अधिकारीले दिएको निर्देशनलाई तदारुक्ताका साथ पालना गर्नु पर्दछ ।

३.नगर प्रहरी कर्मचारीले आफु भन्दा माथीका सवै कर्मचारी वा अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्दछ ।

**४९.नगर प्रहरी कर्मचारोले बाहिरी प्रभाव पार्न नहुने:** नगर प्रहरी कर्मचारीहरुले आफनो नोकरी सम्बन्धी कुरामा आफु भन्दा माथीका अधिकृत वा कर्मचारी प्रति उचित आदर देखाउनु पर्ने छ अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्न प्रयत्न गर्नु हुदैन ।

## परिच्छेद - ८

**५०.सजाय**

उचित र प्रयाप्त कारण भएमा नगर प्रहरी कमचारीलाई देहायको सजाय गर्न सकीने छ ।

१.नसिहत दिने

२.शारीरीक थकाई हुने (फटीक) सजाय गर्ने

३.तलव बृद्धी रोक्का गर्ने

४.एक तहमा घटुवा गर्ने

५.लापरर्वाही गरि गाउपालिकालाइ हानी नोक्सानी भएको सम्पुर्ण वा आंशिक रुपमा तलवबाट कट्टी गरि असुल गर्ने ।

६.भविस्यमा स्थानीय तहमा अयोग्य ठहरीने गरि नोकरीबाट बर्खास्त गर्ने ।

**५१.तलव बृद्धी वा पद उन्नती रोक्नः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गन अधिकारीले निजको तलव वा पदउन्नोती रोक्का गर्न सक्छन ।

**५२.दर्जा र तलव घटाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले पदको तल्लो स्केलमा ओराल्न सक्ने छन तर पदोय दुरुपयोग गरि गाउपालिकालाई हानी नोक्सानी हुने कार्य गर्न हुदैन ।

१.सन्तोषजनक काम नगरेमा

२.अनुशासनहिन कार्य गरेमा

३.आचरण सम्बन्धी कार्यविधि उल्घन गरेमा

४.नियूक्ती भएको ५ वर्ष भित्र नोकरीबाट अलग हुन झुट्ठा कारण देखाएमा

५.दिएको आदेश निर्देशन नमानेमा वा कार्यन्वयन नगरेमा

६.मानसिक कारण नभइ वा विदा नलिई गैर हाजीर भएमा

७.लापरर्वाही गरेमा वा नियम आदेशको पालना नगरेमा

**५३.नोकरीबाट हटाउने वा बर्खास्त गर्नेः** देहायको अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई  नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्ने छन ।

१.अयोग्यताका कारणले आफनो पदोय जिम्मेवारी र दायीत्व पुरा गर्न नसकेमा

२.बारम्बार अनुशासन हिन कार्य गरेमा

३.राजनितीमा भाग लिएमा

४.नैतिक पतन देखीने फौजदारी अभियोगमा अदालतबाट अपराधो दोसी प्रमाणीत भएमा ।

५.डियुटीमा रहेको वा नरहेको अवस्थामा व्रदीको पोषाक लगाई कुनै मादक प्रदार्थ सेवन गरि हिडेमा जथाभावी गरेमा ।

६.भ्रष्टचार गरेमा ।

७.पदीय जिम्मेवारी अनुसार आचरण नगरेमा ।

८.विदा नलिई गैर हाजीर बसेमा ।

## ५४.सजाय सम्बन्धी विधिः

१.नगर प्रहरी कमचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुने छ ।

२.नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिन अघि कार्वाही गर्न लागीएको उल्लेख गरि हुन सक्ने सजाय समेत खुलाई सुचना दिई निजलाई आफनो सफाई पेश गर्ने मौका दिनु पर्ने छ, त्यस्तो सुचना दिदा लगाइएका आरोपहरु स्पष्ट हुनु पर्छ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्न तोकीएको म्याद भित्र आफनो सफाईको र प्रस्ताविक सजाय सम्बन्धमा लिखित स्पष्टीकरण पेश गर्नु पर्ने छ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापीत गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस कार्य विधि बमोजीमको रीत पुरयाउनु पर्ने छैन ।

क.नैतिक पतन देखीने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणीत भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनु पर्ने भए सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको सुचना दिनु पर्ने छ ।

ख.सफाई पेश गन मौका मनासिव भएमा सो कुराको टिप्पणी खडा गरि त्यस्ता नगर प्रहरी कर्मचारीलाई एक पटक सच्चिने मौका दिन सकिने छ ।

३.सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतबाट जाँचबुझ गराउन सक्ने छन । जाचबुझ गर्ने अधिकारीले आवश्कतानुसार सम्बन्धीत नगर प्रहरी कर्मचारीलाइ समेत बुझी कारण सहितको प्रतिवेदन सवुद प्रमाण दाखीला गर्नू पर्ने छ ।

४.कुनै फौजदारी अभियोगमा गिरफतार भइ थुनिएका नगर प्रहरी कर्मचारी थुनियको अवधीभर स्वत निलम्वीत हुने छन ।

तर क.निलम्बीत कर्मचारी लागेको अभियोग प्रमाणीत नभई सफाइ पाएमा निजले सो अवधोको तलव नपाएको भए परै तलव बृद्वी हुने भए सो समेत पाउने छ । कसुरदार ठहरिएमा निलम्बन भएको मिति सम्म तलव भत्ता पाउने छन ।

ख.कुनै कर्मचारी गाउपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कार्वाहीको शिलशिलामा निलम्बन भएको नभई अरु नै कारणबाट निलम्बन हुन गएका रहे छ भने त्यसरी निलम्बन रहेको अवधीको तलव भत्ता पाउने छैनन ।

**५५.सजायको आदेश दिने :** जाचबुझको काम समाप्त भएपछी सम्बन्धीत नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टिकरण मागीएको भए निजले तोकीएको समय भित्र स्पष्टिकरण नदिएमा वा निजले दिएको स्पष्टिकरणको जवाफ सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्ने छन । सजाय आदेशको एक प्रती निजलाई दिनु पर्ने छ ।

**५६.सेवाको अन्त गनः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नु पर्दा यसै ऐन बमोजीम यसमा उल्लेख भए वाहेक प्रचलीत कानुन बमोजीमको प्रक्रिया अपनाउनु पर्ने छ ।

क.परिक्षणकालमा रहने गरि नियूक्ती भएकोमा नियूक्ती सदर नहुदै ।

ख.स्वीकृत चिकित्सकको बोर्डले शारीरीक दृष्टीले अनुपयूक्त ठहरयाएमा ।

ग.अन्यत्र जेसुकै कुरा लेखीएको भएता पनि नगर प्रहरी कर्मचारी डिउटीमा खटीएको वा दैविप्रकोप उद्वारको समयमा कुनै आकस्मोक दुर्घटनामा परि वा लडी अशक्त भएमा त्यस्तो अवस्थामा नगर प्रहरी कर्मचारीलाई अवकास दिइने छ। तर यस्तो अवस्थामा निजले खाइपाई आएको तलव भत्ता ३ वर्ष सम्म पाउने छन ।

घ.नगर प्रहरीको अशक्तताको निधारण गर्न देहायको बमोजीमका समिति रहने छ ।

| | |
|---|---|
| १.प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| २.प्रतिनिधी चिकित्सक ,नेपाल सरकार मातहतको अस्पताल | सदस्य |
| ३.नगर प्रहरी प्रमुख | सदस्य सचिव |

ङ.दफा ५६ को उपदफा घ बमोजीम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारीले आफनो कर्तव्य पालन गर्दा वा तालीम लिदा दुर्घटना वा विपद वा अन्य कुनै त्यस्तै प्रकारले घटनामा परि भएको हो वा हाईन भन्ने असक्तताको महशुस स्वयम निणय गर्ने अधिकार हुने छ ।

**५७.उपचार खर्चः**

१.कुनै नगर प्रहरी कर्मचारी नियमित कार्य सम्पादनको शिलशिलामा विरामी भएमा औषधी उपचारको लागी देहाय बमोजीम भएको खर्चको रकम गाउँपालीकाले उपचार खर्च वाफत दिने छ ।

क.अस्पताल भर्ना भई वा नभई उपचार गराउदा लागेको अस्पतालको विल बमोजिमको खर्च र अस्पतालका चिकित्सकको रोगको निदान सहितको प्रेप्कोसन बमोजीम खरिद गरेको औषधी खर्च ।

ख.प्लाष्टीक सर्जरी वा निजी नरसिङ्ग होममा गरेको चिरफार सर्जिकल अप्रेशन वाहेक सवै किसमिको चिरफारमा लागेको विल बमोजीमको खर्च ।

ग.आफनो घर वा डेरा छाडी अका जिल्ला वा विदेशमा गई औषधी उपचार गराउदा त्यस्तो स्थानमा पुग्दाको विरामीको र कुरुवा चाहिने भए एक जना कुरुवाको यतायत खर्च रकम र खाना खर्च वाफत निजलाई नगर प्रहरीले पाउनु पर्ने दैनिक भ्रमण भत्ताको ७५ प्रतिशत रकम दिनु पर्ने छ ।

२.ऐनको दफा ५७ को उपदफा (१)मा जुन सुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी कर्मचारीहरुको सेवा अवधी भरमा स्थायी प्रकृतीको अधिकृत स्तर १२ महिना र सो भन्दा मुनीको पदको लागी १८ महिना वरावरको तलव रकम मात्र उपचार खर्च दिने छ ।

तर कार्यालयको कामको शिलशिलामा चोटपटक लाग्न गई घाईते भएको नगर प्रहरी कर्मचारीको उपचारमा लाग्ने सम्पुर्ण खर्च वा नेपाल राज्य भित्र औषधी उपचार हुन नसक्ने भनी नेपाल सरकारद्वारा नियूक्त मेडीकल वोर्डले सिफारिस गरेको नगर प्रहरी कर्मचारीले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई गाउपालिकाले उपचार खर्च र एक जना विरामी कुरुवाको खर्च समेत उपलब्ध गराउने छ ।

३.यस ऐन वमोजिम पाउने उपचार  खर्च कुनै नगर प्रहरी कमचारीले पेश्कीको रुपमा लिन चाहेको मनाशिव देखीए दफा ५७ को उप दफा (२) को अधिनमा रही पछि हिसाव बझाउने गरि पेश्की दिन सक्नेछ ।

४.झुट्टा व्याहोरा पेश गरि ऐन बमोजीम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारीलाई विभागीय कार्वाही गरिने छ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकम समेत असुल उपर र जरिवाना समेत गरिनु पर्दछ ।

## परिच्छेद - ९

**५८. तलव, भत्ता:** नगर प्रहरी कर्मचारीले नियूक्ती पाएको वा बढुवा भएको मिति देखी तलव, भत्ता पाउने छन । तलव र राशन भत्ता उपत्यकाको नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई गाउँकार्यपालीकाले तोके अनुसार हुनेछ ।

## ५९.टाइम स्केल:

१.टाइम स्केल अनुसार तलव पाउने पदमा नयाँ नियूक्ति पाउने व्यक्तीले सामान्यतया स्केलमा उल्लेखित न्युनतम तलव पाउने छन । तर अख्तियारवालाले कारण समेत जनाई लिखत अनुरोध गरेमा गाउँपालीकाले निजको प्रारम्भिक तलवलाई टाइम स्केल भित्रको कुनै माथील्लो स्थानमा तोक्न सक्ने छन । असाधारण योग्यता भएका व्याक्तीको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्ने छ ।

**६०.तलब बृद्वी:** देहायको अवस्थामा बाहेक प्रत्यक नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पुरा गरे पछि एक ग्रेड बृद्वी पाउने छन । तर यस्तो अवस्थमा पाउने छैनन ।

१.परिक्षण काल

२.कायम मुकाय

३. तलब बृद्वीमा रोक्का

तर नियूत्ती सदर भएपछी नगर प्रहरी कर्मचारीको परिक्षणकालमा रहेको अवधी समेत तलब बृद्वीको निमीत जोडीने छ ।

४.कार्यालयमा गैर हाजीर रही विभागीय कार्वाही सरु गरिएको वा कार्वाहीका क्रममा कार्यालयमा अनुपस्थित  रहेको नगर प्रहरी कर्मचारीले भने आफु अनुपस्थित भएको मिति देखी तलब,भत्ता र राशन पाउने छैन ।

# परिच्छेद - १०

## ६१.निमित्त भई काम गर्ने व्यवस्था

१.एक महिना नबढने गरि कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबै भन्दा सिनियर नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्ने छन ।

२.यसरी निमित्त भई गरेको अवधीको सम्पुर्ण जिम्मेवारी निमित्त भई कामकाज गर्ने नगर प्रहरी कर्मचारीको हुने छ ।

३.यसरी निमित्त भई कामकाज गर्ने कर्मचारीको सेवा सुविधा प्रचलीत कानुन बमोजीम हुने छ ।

**६२.एक पदमा एक व्याक्तीमात्र कायम मुकायम वा कार्यवाहक हुनेः** कुनै एक पदमा एक समयमा एक भन्दा वढी व्यक्तो कायम मुकायम वा कार्यबाहेक मुकर हुन सक्ने छैन ।

## ६३.काम गरेको अबधीको तलब भत्ताः

१.कुनै पदमा कार्यवाहक वा निमित्त भइ कामकाज गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ तर पन्ध्र दिन सम्म कार्यवाहक वा निमित्त भई काम गरे वाफत कुनै किसिमको तलव भत्ता र राशन दिईने छैन र पन्ध्र दिन बढी अवधी कार्यवाहक वा निमित्त भई काम गरेकोमा पुरै अवधीको कार्यवाहक वा निमित्त भई काम गरे वाफत तलव,भत्ता र राशन दिईने छ ।

# परिच्छेद - ११

**६४.तालीमको व्यवस्थाः** नगर प्रहरीको कार्य कशलता एवम दक्ष तुल्याउन खत्याड गाउँपालिकाले तोकीए बमोजीमको आवस्यक्ता अनुसार अन्य तालीमहरु पनि दिन सकिने छ ।

**६५.तालीम संचालन हुने स्थानः** गाउँपालीकाले तोकीएको स्थानमा हुने छ ।

**६६.तालीमका अवधीः** नगर प्रहरी सेवाको सवै अधिकृत तथा जवानहरुको तालीमको अवधी खत्याड गाउँपालीकाले तोकेको पाठयक्रम अनुसार हुनेछ ।

## ६७.तालीमको अनिवार्यताः

१.नगर प्रहरी सेवामा रहेका सवै नगर प्रहरी कर्मचारीहरु आवस्यक्ता अनुसार तालीम लिन अनिवार्य हुने छ । यस्तो तालीममा सम्मिलित गराईएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफनो व्यवसायीक ज्ञान प्रति उदासिनता तथा गैर जिम्मेवारी देखाएको व्याहोरा अभिलेखमा जनाईने ।

२.व्यवसायीक तालीम हासिल गर्न उदासिनता देखायको व्याहोरा अभिलेखमा जनाई सकेपछी निजहरुलाई पुन एकपटक तालीमको मौका दिईने छ ।

त्यस पछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा वा सेवाबाट हटाउन सकिने छ ।

**६८.तालीमको पाठयक्रमः** विभिन्न तालीमहरुको पाठक्रम तयार गर्न नगर प्रहरी प्रमख समेत रहने एक समितिको गठन हुने छ ।

## ६९.प्रशिक्षार्थीले पाउने सुविधाः

१.खत्याड गाउँपालीका बाहीरका प्रशिक्षार्थीहरुलाई तालीम लिन आउदा जादाको दैनिक भ्रमण भत्ता प्रचलीत कानुन बमोजीमको हुने छ ।

२.राशन पाउने नगर प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरीले पाए सरह राशन भत्ता उपलब्ध गराईने छ ।

**७०.तालीम सफल भएमाः** देहायको तालीममा सपल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजीम हुने छ ।

१.नगर प्रहरी अधिकृत (आधारभुत) तालीममा सफल भएका र परिक्षणकालमा रहेका अधिकृतहरु करारमा नियूक्तीका लागी सामान्यतया योग्य हुनेछन ।

२.रिक्रट तालीममा सफल रिक्रूटहरु नगर प्रहरी जवानहरुमा करार सेवामा नियूक्तीको लागी योग्य हुनेछन ।

**७१.समिति गठन हुनेः** ऐनको दफा ६९ र ७० मा उल्लेख भएको अवस्थालाई कार्यन्वयन गर्ने प्रमुख प्रशासकीय अधिकृतहरु भएको एक समिति गठन हुने छ । त्यस समितिको निर्णय बमोजीम नियूक्ती गर्ने अधिकारीले निर्णय दिनेछ ।

## ७२.प्रारम्भीक पोसाकः

१.सवै नया भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालीम केन्द्रबाट स्केल बमोजीमको प्रारम्भिक पोसाक वितरण गरिने छ ।

२.नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागी चाहिने प्रारम्भिक पोसाक खत्याड गाउँपालिकाले दिने छ ।

**७३.तालीममा सामेल गराउने संख्याः** नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरि नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालीम लिन नगर प्रहरी तथा अधिकृत प्रहरी कर्मचारीहरु तोक्ने छन ।

**७४.प्रशिक्षण भत्ता:** राष्टिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सोसरह प्रशिक्षण भत्ता दिइने छ ।

**७५.अतिथी प्रशिक्षणहरुको पारिश्रमीक:** गाउँपालीकाले तोके बमोजीमको हुने छ ।

**७६.आन्तरिक तालीम:** एकै पटक नियूत्ति भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालीममा पठाउदा साधारणतया समान अवसर प्राप्त हुने गरि तालीमको व्यवस्था मिलाउनु पर्छ ।

## परिच्छेद - १२

**७७.नगर प्रहरी पोषाक:** नगर प्रहरी कर्मचारीको पोसाकको रंग र किसीम अन्य विवरण गाउँकार्यपालीकाले तोके बमोजीम हुने छ ।

**७८.प्रारम्भिक पोसाक र सामान:** प्रत्यक नगर प्रहरी कर्मचारीहरुलाई गाउपालिकाको कार्यालयले तोके बमोजीमको पोशाक र सामान उपलब्ध गरिने छ ।

**७९.जाडो मौषमका लागी दिईने पोसाक:** प्रत्यक नगर प्रहरी कर्मचारीहरुलाई जाडो मौषमका लागी  तिन बर्षमा एक पटक एक सेट पोशाक निशुल्क दिइने छ ।

**८०.सेरोमोनियल पोशाक:** अधिकृत कर्मचारीहरुका लागी सेरोमोनियल पोशाकको लागी तोकीएको रकम उपलब्ध गराइने छ ।

**८१.तयारी पोसाक वितरण गर्न नसकीयमा दिने सुविधा:** नगर प्रहरी कर्मचारीलाई तयारी पोसाक वितरण गर्न नसकीयको अवस्थामा स्थानीय दर रेट बमोजीम सिलाई ज्याला दिइने छ ।

**८२.नगर प्रहरीको पोशाक सटटा भर्ना:** नगर प्रहरी कर्मचारीलाई निजहरुको मालसामान र पोसाक निश्चित अवधी नपुगो वा कामकाजको शिलशिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजीमको सटटा गरि नयाँ दिइने छ ।

## परिच्छेद - १३

## विविध

**८३.विभागीय आदेश र निर्देशनः** ऐन र यस ऐनको परिधी भित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले कार्यकारी अधिकृतको निर्देशनमा आदेश तथा निर्देशन जारी गर्न सक्ने छन ।

१.कार्यमा छिटो छरितोपन ल्याउने विषय

२.मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय

३.मातहतका कार्यालयको कार्यमा समन्वय कायम पुरयाउन

४.नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

५.विभागीय अनुशासन सम्बन्धी व्यवस्था

**८४.पुरस्कारः** देहायका पदाधिकारीहरुले आफनो मातहतका कार्यालयका नगर प्रहरी कर्मचारीहरु आफनो कर्तव्यपालनको शिलशिलामा प्रशंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम वा अन्य सेवा, सविधा उपलब्ध गराउन सिफारिस गर्न सक्ने छन ।

**८५.चाड पर्व खर्च पाउन**ः नगर प्रहरी कर्मचारीहरुले खाइपाइ आएको एक महिना तलव बराबर चाडपर्व खर्चको रुपमा पाउने छन ।

**८६.अन्य सुविधा तथा व्यवस्थाः**

१.नगर प्रहरी कर्मचारीलाई दिइने सुविधाहरु गाउँकार्यपालिकाले तोके बमोजीम हुने छ ।

२.हाल करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो जुनसुकै कुरा लेखीएको भए पनि कार्य विधीमा जे भएपनि पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनमा एकपटकलाई भाग लिन उमेरको हद लाग्ने नलाग्ने र्निक्युल कार्यपालीकाले गर्ने छ ।

३.यो ऐन जारी भए पश्चात रित्त नगर प्रहरी जवान पदमा खुल्ला विज्ञापन मार्फत पदपुर्ती गरेपछी सेवा करारमा ऐन जारी हुदाको बखत कार्यरत बाहेक थप नगर प्रहरी राखीने छैन ।

**८७.बाधा अडकाउ फुकाउः** खत्याड गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा,सर्त,सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजीम हुने छ। यस व्यवस्था नभएका विषयहरुको हकमा नेपाल प्रहरो नियमावली २०७१ बमोजीम हुने छ ।

**८८.ऐनको संसोधनः** आवस्याक संशोधन खत्याड गाउँपालिकाका गाउँकार्यपालीकाले गर्न सक्ने छ ।

**८९.खारेजी र बचाउः** यो ऐन लागु हुनु भन्दा अगावै गाउँपालिकाले पारित गरि लागु गरेका कानुन, नियम, निर्देशनका कार्यविधि वा मापदण्ड यसै ऐन बमोजीम भए गरेको मानीने छ । खारेजीको अधिकार कार्यपालिकामा निहित रहने छ ।